# *नम्रता* उपन्यासको समाजभाषिक अध्ययन

१८/०७४

लोकराज रोसेरा

परीक्षा क्रमाङ्क : २८७१०३८८

त्रि.वि.दर्ता नं.: ९–२–४०४–११४–२०१०

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विषय

स्नातकोत्तर तह, चौथो सत्रको नेपाली शिक्षा ५४४ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि.,कीर्तिपुर

२०७४/2017

# प्रतिबद्धतापत्र

प्रस्तुत शोध प्रतिवेदनभित्रका प्राथमिक सामग्री कहीँ कतैबाट साभार गरिएको छैन । द्वितीयक सामग्रीहरूमा सन्दर्भाङ्कन दिएर उपयोगमा ल्याइएको छ । यसका कुनै अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ प्रस्तुत शोधप्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

..........................

लोकराज रोसेरा

(शोधार्थी)

मितिः २०७४/११/०२

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि शोधार्थी लोकराज रोसेराले '*नम्रता* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

प्रा.डा.रामप्रसाद भट्टराई

(शोधनिर्देशक)

मिति : २०७४/११/०३

Date: Feb 15, 2017

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**नेपाली भाषा शिक्षा विभाग**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशका निम्ति यस सङ्कायतर्फका छात्र लोकराज रोसेराद्वारा '*नम्रता* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| **क.सं.** | **नाम** | **दस्तखत** |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) (शोधनिर्देशक) | ................................ |
| २. | प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ................................ |

मिति : २०७४/११/१५

Date: Feb 27, 2017

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत शोधपत्र तयार गरिएको हो । यस शोधपत्रले समाजभाषिक अध्ययनको क्षेत्रमा जिज्ञासा राख्ने सबैमा सहयोग पुऱ्याउने आशा राखिएको छ । आफ्ना समस्या र बाध्यतालाई पन्छाएर जतिसुकै थकित अवस्थामा पनि सुरुदेखि अन्तिम रूप नहुन्जेलसम्म उत्साहपूर्ण कुशल निर्देशन र महत्त्वपूर्ण सल्लाह सुझाव दिनुहुने आदरणीय गुरु प्रा.डा.रामप्रसाद भट्टराईप्रति हार्दिक कृतज्ञता र सम्मान प्रकट गर्दछु । उपयुक्त शोधप्रस्तावको शीर्षक स्वीकृत गरी शोधका लागि अवसर प्रदान गर्नुहुने सम्पूर्ण गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

शिक्षा जीवनको ठूलो सम्पत्ति हो भन्ने उपदेश दिँदै मेरा जीवनका हरेक क्षेत्रमा सफलताको कामना गर्ने पूजनीय बुबा नन्दराज रोसेरा र कर्मशील बन्न उत्साही बनाउने ममतामयी आमा लक्ष्मीदेवी रोसेराप्रति सदा ऋणी छु । अनेक दुःख, कष्ट, बाधा अड्चन सहेर शिक्षाको पारिलो घाम ताप्न प्रेरणा र हौसला प्रदान गर्नुका साथै उच्च शिक्षा अध्ययनको यस कठिन गोरेटोमा हरपल मन, वचन र कर्मले मलाई यो स्थानसम्म पुऱ्याउने आदरणीय दाजु केशवराज रोसेरा र भाउजु उत्तरा रोसेराप्रति हार्दिक आभार प्रकट गर्दछु । अध्ययनको दौरानमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने इष्टमित्र, बाल्यकाल सुखमय बनाउने दिदी बहिनी र विभिन्न अध्ययन संस्थामा प्राध्यापन गर्नुहुने गुरुवर्गलाई धन्यवाद दिन चाहन्छु ।

शोधपत्र तयार पार्ने क्रममा सल्लाह र सहयोग प्रदान गर्नुहुने आत्मीय मित्र नरेन्द्रप्रसाद पनेरुलगायत अन्य साथीहरू र शोधपत्र शुद्धीकरण र टङ्कन गरिदिनुहुने आदरणीय दिदी तारा अधिकारीलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली शिक्षा विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

लोकराज रोसेरा

**शोधसार**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत '*नम्रता* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको शोधपत्र तयार गरिएको हो । यस शोधकार्यका उद्देश्यहरूमा *नम्रता* उपन्यासका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु, *नम्रता* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु, समाजभाषिक सिद्धान्तका आधारमा *नम्रता* उपन्यासको भाषाशैलीको अध्ययन गर्नु रहेका छन् ।

प्रस्तुत शोधकार्य *नम्रता* उपन्यासमा प्रयुक्त वर्ग, लिङ्ग, शिक्षा र उमेरका आधारमा पात्रले प्रयोग गर्ने भाषा कस्तो छ ? पात्र प्रयोगको स्थिति कस्तो छ ? र समग्र उपन्यासको भाषाशैली के कस्तो छ भन्ने समस्यामा केन्द्रित रहेको छ । शोधकार्यलाई निश्चित उद्देश्य र निष्कर्षमा पुऱ्याउन प्राथमिक स्रोत सामग्रीका रूपमा *नम्रता* उपन्यासलाई अध्ययन विश्लेषणको प्रमुख आधार बनाइएको छ । अध्ययनका क्रममा द्वितीयक सामग्रीका रूपमा समाज भाषाविज्ञानसँग सम्बन्धित पाठ्यपुस्तकहरू, लेख, रचनाका साथै विभिन्न शोधपत्रहरू आदि रहेका छन् । मुख्यतः पुस्तकालयीय अध्ययन र आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी निर्धारित उद्देश्य प्राप्तिका लागि तथ्यहरूको अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

उपन्यासकार कृष्ण अविरलद्वारा लिखित *नम्रता* उपन्यास नेपाली साहित्यका फाँटमा वि.सं. २०७३ सालमा आएको हो । यो उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । समाजमा घट्ने यथार्थ घटनालाई विषयवस्तु बनाएर लेखिएको *नम्रता* उपन्यासमा नेपाली समाजको पूर्वी झापा, मोरङको केन्द्रीय परिवेश रहेको छ । पुरुषप्रधान समाजमा नारीहरूले भोग्नु परेका पीर, मर्का, बाधा, व्यवधानका साथै उच्च वर्गले निम्न वर्गमाथि गर्ने पाशविक व्यवहारको यथार्थ प्रस्तुति यस उपन्यासमा पाइन्छ ।

'*नम्रता* उपन्यासको समाजभाषिक अध्ययन' शीर्षकको प्रस्तुत शोधको निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ :

- *नम्रता* उपन्यास कृष्ण अविरलद्वारा लेखिएको नितान्त सामाजिक यथार्थवादी उपन्यास,
- पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका दुःख, पीडा, बाध्यता र विवशताहरूलाई यथार्थ चित्रण गरिएको,
- उपन्यासमा वर्णनात्मक र संवादात्मक शैलीको प्रयोग गरिएको,
- भाषिक प्रयोगका दृष्टिले मानक, स्तरीय, व्याकरणसम्मत भाषाको प्रयोग पाइए तापनि बढी मात्रामा स्थानीय भेदको प्रयोग पाइनु,
- वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्गीय पात्रको प्रयोग गरिएको भए पनि मध्यम वर्गीय भाषाको प्रयोग बढी गरिएको,
- उमेरगत आधारमा युवा, प्रौढ र वृद्ध पात्रहरूको प्रयोग गरिएको भए तापनि बालपात्रको प्रयोग नगरिएको,
- गरिब नेपाली जनमानसले भोगका दुःख, कष्ट र सामन्ती सोचले मौलाएको उच्च वर्गले गर्ने अपहेलित व्यवहारको यथार्थ चित्रण गरिएको,
- उपन्यासमा पूर्वीय नेपाली समाजको यथार्थ जनजीवनको चित्रण गरिएको,
- शैक्षिक अवस्थाका आधारमा उपन्यासमा शिक्षित र अशिक्षित दुवै किसिमका पात्रहरूको प्रयोग गरिए तापनि बढी मात्रामा शिक्षित पात्रको बाहुल्य रहेको,
- लैङ्गिक आधारमा पुरुष र महिलाले प्रयोग गर्ने भाषामा स्पष्ट विभेद रहेको,
- *नम्रता* उपन्यास एक सामाजिक उपन्यास हो । यसमा एउटा उच्च वर्गीय परिवारमा हुर्केकी विवश नारीको कारुणिक अवस्थाको चित्रण गरिएको,
- उपन्यासमा प्रयुक्त भाषाशैली सरल, सहज र सरस हुनुका साथै पात्रहरू स्तरअनुकूल रहेको ।

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको सान्दर्भिकता र उपादेयता ४

१.५ अध्ययनको सीमाङ्कन ५

१.६ शोधपत्रको रूपरेखा ६


## अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक परिचय


२.१ पूर्वकार्यको पुनरावलोकन ७

२.१.१ कृति समीक्षा ७

२.१.२ शोधपत्र पुनरावलोकन ९

२.२ सैद्धान्तिक परिचय १३

२.३ समाज भाषाविज्ञानको सैद्धान्तिक पृष्ठभूमि १४

२.४ समाज भाषाविज्ञानको क्षेत्र १६

२.५ भाषिक भेद १७

२.५.१ सामाजिक भेद १८

२.५.१.१ वर्गका आधारमा १९

२.५.१.२ लिङ्गका आधारमा २०

२.५.१.३ उमेरका आधारमा २१

२.५.१.४ शिक्षाका आधारमा २२

२.५.२ कालिक भेद २२

२.५.३ विषयगत भेद/प्रयोजनपरक भेद २३

२.५.४ प्रसङ्गगत भेद २३

२.५.५ माध्यमगत भेद २४

अध्याय तीन

अध्ययन विधि र प्रक्रिया

३.१ अध्ययन विधि २५

३.१.१ तथ्याङ्क सङ्कलनका स्रोतहरू २५

३.१.१.१ प्राथमिक स्रोत

३.१.१.२ द्वितीयक स्रोत २६

३.१.२ तथ्याङ्क विश्लेषण २६

अध्याय चार

वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा *नम्रता* उपन्यासका पात्रहरूको वर्गीकरण २७

अध्याय पाँच

वर्ग, लिङ्ग, उमेर र शिक्षाका आधारमा *नम्रता* उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिक स्थितिको विश्लेषण

५.१ वर्गीय आधारमा उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिक स्थितिको विश्लेषण ३१

५.१.१ उच्च वर्गीय पात्रहरूको भाषिक विश्लेषण ३२

५.१.२ मध्यम वर्गीय पात्रहरूको भाषिक विश्लेषण ३३

५.१.३ निम्न वर्गीय पात्रहरूको भाषिक विश्लेषण ३४

५.२ उमेरगत आधारमा उपन्यासका पात्रहरूको भाषिक स्थितिको विश्लेषण ३६

५.२.१ युवा पात्रको भाषिक स्थितिको विश्लेषण ३६

५.२.२ प्रौढ पात्रको भाषिक स्थितिको विश्लेषण ३७

५.२.३ वृद्ध पात्रको भाषिक स्थितिको विश्लेषण ३८

५.३ शैक्षिक अवस्थाका आधारमा उपन्यासका पात्रहरूको भाषिक स्थितिको विश्लेषण ३९

५.३.१ शिक्षित पात्रको भाषिक स्थितिको विश्लेषण ४०

५.३.२ अशिक्षित पात्रको भाषिक स्थितिको विश्लेषण ४१

५.४ लैङ्गिक आधारमा उपन्यासका पात्रहरूको भाषिक स्थितिको विश्लेषण ४२

५.४.१ महिला पात्रको भाषिक स्थितिको विश्लेषण ४२

५.४.२ पुरुष पात्रको भाषिक स्थितिको विश्लेषण ४३

अध्याय छ : समाजभाषिक सिद्धान्तका आधारमा *नम्रता* उपन्यासको भाषाशैलीको अध्ययन र अभिमत विश्लेषण ४५

अध्याय सात

सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश ६१

७.२ निष्कर्ष ६३

७.३ उपयोगिता ६५

७.३.१ नीतिगत तह ६५

७.३.२ प्रयोगगत तह ६६

सन्दर्भसामग्री सूची

व्यक्तिवृत्त